# कर्मचारीहरुलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड, २०७८

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०८/१२

प्रमाणिकरण मिति २०७८/०८/१४

गण्डकी गाउँपालिका
गोरखा
गण्डकी प्रदेश, नेपाल

गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपर्युक्त अनुसारको गण्डकी गाउँपालिका कृषी विकास कार्यक्रम कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु ।

०७८।८।१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०७८/०८/१४

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# कर्मचारीहरुलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड, २०७८

**प्रस्तावना**

आ.व. २०७८/०७९ को वार्षिक निति, कार्यक्रम तथा बजेट वक्तव्यमा कर्मचारीहरुको मनोवल उच्च बनाउन नतिजामूलक कार्यसम्पादन सूचकको आधारमा वडा सचिवहरुलाई आधारभूत तलबको बढीमा २० प्रतिशत, सिभिल इन्जिनियर तर्फ सहायक चौथो र पाचौं तहका प्राविधिक कर्मचारीहरुलाई आधारभूत तलबको बढीमा ३० प्रतिशत, सिभिल ईन्जिनियर तर्फ छैठौं तहका प्राविधिक कर्मचारीहरुलाई आधारभूत तलवको बढीमा ३५ प्रतिशत प्रोत्साहन भत्ता गाउँपालिका क्षेत्रको भ्रमणमा दैनिक भ्रमण भत्ता (TADA) नपाउने गरी प्रदान गर्ने भन्ने व्यवस्था बमोजिम यो मापदण्ड गण्डकी गाउँपालिका, गाउँ कार्यपालिकाले जारी गरेको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो मापदण्डको नाम **"कर्मचारीहरुलाई कार्यसम्पादन सूचकमा आधारित प्रोत्साहन भत्ता उपलब्ध गराउने मापदण्ड, २०७८"** रहेको छ ।

(२) यो मापदण्ड गण्डकी गाउँपालिका स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "गाउँपालिका" भन्नाले गण्डकी गाउँपालिका सम्झनुपर्छ ।

(ख) "गाउँ कार्यपालिका" भन्नाले गण्डकी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ग) "कर्मचारी" भन्नाले गण्डकी गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारी र सेवा करारका कर्मचारी सम्झनुपर्छ ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ङ) "प्रशासन शाखा" भन्नाले गण्डकी गाउँपालिकाको प्रशासन शाखा सम्झनुपर्छ ।

(च) "आर्थिक प्रशासन शाखा" भन्नाले गण्डकी गाउँपालिकाको आर्थिक प्रशासन शाखा सम्झनुपर्छ ।

(छ) "वडा सचिव" भन्नाले गण्डकी गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा वडा सचिवको जिम्मेवारी प्राप्त कर्मचारी सम्झनुपर्छ ।

(ज) "वडा प्राविधिक" भन्नाले गण्डकी गाउँपालिका अन्तर्गतका वडा कार्यालयमा सिभिल ईन्जिनियर तर्फका सहायक चौथो र पाँचौ तहका प्राविधिक कर्मचारी सम्झनुपर्छ ।

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

(झ) "गाउँपालिकाको प्राविधिक" भन्नाले गण्डकी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत प्राविधिक शाखा प्रमुख, सिभिल ईन्जिनियरिङ तर्फका अधिकृत छैठौं, सहायक पाचौं र सहायक चौथो तहका कर्मचारी सम्झनुपर्छ ।

(ञ) "सुपरिवेक्षक" भन्नाले वडा सचिवको हकमा अधिकृत छैठौं तहको प्रशासन शाखा प्रमुख, वडा प्राविधिकको हकमा प्राविधिक शाखा प्रमुख, गाउँपालिकाको शाखा प्रमुखहरुको हकमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेद -२

## प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रक्रिया

**३. कर्मचारीहरुलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने प्रक्रिया :**

(१) यस मापदण्ड बमोजिम कर्मचारीहरुलाई मासिक रुपमा कार्यसम्पादनका आधारमा प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

(२) यस मापदण्ड अनुसार प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीहरुले आफूले गरेको कामको मासिक प्रगति विवरण प्रशासन शाखामा बुझाउनु पर्नेछ ।

(३) प्रशासन शाखाले वडा प्राविधिक र गाउँपालिकाको प्राविधिकको हकमा अनुसूची-१ बमोजिम र वडा सचिवको हकमा अनुसूची-२ बमोजिम नतिजामूलक कार्यसम्पादनमा आधारित अङ्क प्रदान गर्नेछ ।

(४) प्रशासन शाखाबाट प्राप्त अङ्कका आधारमा यस मापदण्ड बमोजिम आर्थिक प्रशासन शाखाले सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन भत्ता बैंक खातामा जम्मा गराउनेछ ।

(५) यस मापदण्ड बमोजिम कर्मचारीहरुलाई दोहोरो आर्थिक सुविधा नहुने गरी प्रोत्साहन भत्ता उपलब्ध गराइनेछ ।

## परिच्छेद -३

## विविध

४. यस मापदण्ड बमोजिम प्रोत्साहन्न भत्ता गाउँपालिकाको आन्तरिक श्रोत (संघ र प्रदेशबाट प्राप्त वित्तीय सशर्त अनुदान वाहेक) बाट प्रदान गरिनेछ ।

५. यो मापदण्ड लागू हुनु अघिको अवधि (आर्थिक वर्ष २०७८/०७९ को शुरुवात देखि) मा समेत यस मापदण्डको प्रावधानलाई आधार मानी प्रोत्साहन भत्ता उपलब्ध गराउन वाधा हुने छैन ।

६. कार्यपालिकाले कर्मचारीहरुलाई कार्यसम्पादनको सिलसिलामा दिइएको मार्ग निर्देशन र सुझावको पालना गर्नु सम्बन्धित कर्मचारीको कर्तव्य हुनेछ ।

७. कार्यपालिकाले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ ।

२०७८।८।१४
जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

## अनुसूची-१

### सिभिल इन्जिनियर तर्फका प्राविधिक कर्मचारीहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन सूचक

| सि.नं. | सूचकका क्रियाकलाप | नतिजा | | | प्रमाणिकरणका अधार | कूल अङ्क | प्राप्त अङ्क (नतिजा × कूल अङ्क) |
|---|---|---|---|---|---|---|---|
| | | तटस्थ (०.५) | उत्तम (०.७५) | अति उत्तम (१) | | | |
| १. | आयोजनाको स्थलगत निरीक्षण/सर्भे/अनुगमन तथा सुपरिवेक्षण | | | | १. वडाका प्राविधिकको हकमा वडा सचिव र कार्यालयको प्राविधिकको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मासिक प्रगति प्रतिवेदन | १५ | |
| २ | आयोनाको लागत अनुमान, ड्इड, डिजाइन/आयोजनाको नापी किताव/कार्यसम्पन्न प्रतिवेदन | | | | १. वडाका प्राविधिकको हकमा वडा सचिव र कार्यालयको प्राविधिकको हकमा प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मासिक प्रगति प्रतिवेदन | १५ | |
| ३. | महिनामा ७ दिन भन्दा कम विदामा बसेको (क्रिया विदा, प्रसुती विदा, प्रसुती स्याहार विदा र काज बाहेक) | | | | १. प्रशासन शाखाको हाजिरी र विदाको अभिलेख | ५ | |
| ४. | महिनामा कम्तीमा २० घण्टा कार्यालय समय बाहेक अतिरिक्त समय कामकाज गरेको | | | | १. वडाका प्राविधिकको हकमा वडा सचिव मार्फत प्रशासन शाखा र कार्यालयको प्राविधिकको हकमा प्रशासन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरेको अभिलेख | ५ | |
| ५. | गाउँपालिका बाहेक संघ, प्रदेश र अन्य निकाय तथा विषयगत शाखाको थप आयोजना कार्यान्वयन गरेको | | | | १. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त थप अख्तियारीपत्र<br>२. विषयगत शाखाको थप कामकाज गरेको पत्र | ५ | |
| ६ | सुपरिवेक्षकबाट गरिने मूल्याङ्कन | | | | १. कर्तव्यनिष्ठ, समयपालना, आदेशको पालना, अनुशासन र आचरणलाई आधार मानी वडा प्राविधिकको हकमा सिभिल ईन्जिनियर र कार्यालयको प्राविधिकको हकमा प्रमुख प्रशासकीय अधिकृतले गरेको मूल्याङ्कन | ५ | |
| | | | | | **जम्मा अङ्क** | **५०** | |

कार्य सम्पादनमा प्राप्त प्रतिशत : प्राप्त अङ्क/कूल अङ्क × १००

कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता : तोकिएको भत्ता रकम × कार्य सम्पादनमा प्राप्त प्रतिशत

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

गण्डकी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुम्लिचोक गोरखा
गण्डकी प्रदेश, नेपाल

## अनुसूची-२०७३

### वडा सचिवहरुको कार्य सम्पादनमा आधारित प्रोत्साहन सूचक

| सि.नं. | सूचकका क्रियाकलाप | नतिजा | | | प्रमाणिकरणका अधार | कूल अङ्क | प्राप्त अङ्क (नतिजा × कूल अङ्क) |
|---|---|---|---|---|---|---|---|
| | | तटस्थ (०.५) | उत्तम (०.७५) | अति उत्तम (१) | | | |
| १. | वडा स्तरीय योजना तर्जुमा, उपभोक्ता समिति गठन | | | | १. योजना शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मासिक प्रगति प्रतिवेदन | १० | |
| २ | योजना सम्झौतामा सहभागिता, वडा स्तरीय अनुगमन समितिको प्रतिवेदन, आयोजना फरफारकको सिफारिस | | | | १. योजना शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मासिक प्रगति प्रतिवेदन | १० | |
| ३. | व्यक्तिगत घटना दर्ता विवरणको मासिक प्रतिवेदन, वडा कार्यालयले कार्य सम्पादन गरेको मासिक प्रतिवेदन, गाउँपालिका कार्यालयले गरेका परिपत्रहरुको Response and Reply | | | | १. प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको मासिक प्रगति प्रतिवेदन<br>२.गाउँपालिकाका शाखा प्रमुखहरुको प्रतिक्रिया<br>३.प्रमुख प्रशासकीय अधिकृतको मूल्याङ्कन | १० | |
| ४. | वडा कार्यालयमा महिनाभरि जम्मा भएको राजस्व रकम अर्को महिना शुरु भएको ३ दिनभित्र जम्मा गरे/नगरेको | | | | १. राजस्व शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरेको राजस्वको मासिक प्रतिवेदन | ५ | |
| ५. | महिनामा कम्तीमा २० घण्टा कार्यालय समय बाहेक अतिरिक्त समय कामकाज गरेको | | | | १. प्रशासन शाखाले प्रमाणित गरेको अभिलेख | ५ | |
| ६. | गाउँपालिका बाहेक संघ, प्रदेश र अन्य निकाय तथा विषयगत शाखाको थप आयोजना कार्यान्वयन गरेको | | | | १. संघ, प्रदेश र अन्य निकायबाट प्राप्त थप अख्तियारीपत्र<br>२. विषयगत शाखाको थप कामकाज गरेको पत्र | ५ | |
| ७ | सुपरिवेक्षकबाट गरिने मूल्याङ्कन | | | | १. कर्तव्यनिष्ठ, समयपालना, आदेशको पालना, अनुशासन र आचरणलाई आधार मानी प्रशासन शाखा प्रमुखले गरेको मूल्याङ्कन | ५ | |
| | | | | | जम्मा अङ्क | ५० | |

कार्य सम्पादनमा प्राप्त प्रतिशत : प्राप्त अङ्क/कूल अङ्क × १००

कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता : तोकिएको भत्ता रकम × कार्य सम्पादनमा प्राप्त प्रतिशत

**गण्डकी गाउँ कार्यपालिकाबाट मिति २०७८ मंसिर १२ गते स्वीकृत भएको उपरोक्त अनुसारको गण्डकी गाउँपालिकाको कृषी विकास कार्यक्रम कार्यविधि, २०७८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणीकरण गर्दछु।**

२०७८।८।१४

**जित बहादुर भण्डारी**
**प्रमुख प्रशासकीय अधिकृत**

**मिति: २०७८/०८/१४**

जित बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner